सानिमा जिआईसी इन्स्योरेन्स लि.
Sanima GIC Insurance Ltd.
205 Tangal Marg, P.O. Box 1622, Kathmandu, Nepal
01-4427101/103/170/171/172
www.sgic.com.np
info@sgic.com.np

## सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको
## सातौ वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

यस सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको सञ्चालक समितिको मिति २०८१।११।२६ गते बसेको १५७ औं बैठकको निर्णयानुसार कम्पनीको सातौ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ वमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१ साल चैत २१ गते (तद्नुसार ३ अप्रिल, २०२५) बिहीबार ।
समय : विहान ११:०० बजे ।
स्थान : अमृतभोग, कालिकास्थान, काठमाडौं ।

**छलफलका विषयहरु :**
**(क) सामान्य प्रस्ताव :**

(१) कम्पनीको सातौ वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत हुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) कम्पनीको लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, मिति २०८०।०४।०१ गते देखि २०८१।०३।३१ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लागि वाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक कानूनत पुनः नियुक्त हुन योग्य रहेको) ।

(४) संचालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजी रु. २,००,००,००,०००।- मा ०.३९४७ प्रतिशतका दरले नगद लाभांश रु. ७८,९४,७३७-(अक्षरेपी : अठहत्तर लाख चौरानब्बे हजार सात सय सैतिस मात्र) पारित गर्ने । (प्रस्तावित लाभांश कर प्रयोजनार्थ)

**(ख) विशेष प्रस्ताव :**

(१) संचालक समितिबाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजी रु. २,००,००,००,०००।- मा ७.५ प्रतिशतका दरले रु. १५,००,००,०००।-(अक्षरेपी : पन्ध्र करोड मात्र) को बोनश शेयर पारित गर्ने । त्यसरी बोनश शेयर पारित गर्दा भिन्न अंकमा आउने शेयरलाई संस्थापक शेयर र सर्वसाधारण शेयरको अनुपात कायमै राखी नजिकको पुरा अंक कायम गर्ने । बोनश शेयर जारी गर्दा जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएबाट सोही अनुरुप प्रबन्धपत्र र नियमावली संशोधन गर्ने ।

(२) छैठौ वार्षिक साधारण सभाबाट पारित २५ प्रतिशत हकप्रद शेयर संशोधन गरि १७ प्रतिशत हकप्रद शेयर जारी गर्ने ।

(३) कम्पनी ऐनको दफा १०५ को उपदफा १(ग) बमोजिम आ.व. २०८०/०८१ मा भएको खर्चको अनुमोदन गर्ने ।

(४) सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरुको बैठक भत्ता संशोधन गर्ने ।

(५) प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अधिकार प्रत्यायोजन गर्ने । संशोधित प्रबन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृती गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो बमोजिम संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. यस साधारण सभामा भाग लिने प्रयोजनका लागि कम्पनीको शेयर दाखिला खारेजका लागि मिति २०८१।१२।०८ गते शेयर दर्ता किताव बन्द गरिनेछ । उक्त मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लि. मा कारोवार गरी सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट राफसाफ भएको र कम्पनीको शेयर रजिष्ट्रार सानिमा क्यापिटल लि. को शेयर अभिलेखमा दर्ता भएका शेयरधनीहरु साधारण सभामा भाग लिन योग्य मानिनेछन् ।

२. सभामा उपस्थित शेयरधनी महानुभावहरुले सभा हलमा प्रवेशको लागि आफ्नो परिचय खुल्ने आधिकारिक परिचय पत्र वा हितग्राही खाता खोलिएको कागजात साथमा लिई आउनुहुन अनुरोध छ ।

३. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय, टंगाल, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्के मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको केन्द्रीय कार्यालय, टंगाल, काठमाडौंमा दर्ता गरि सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ । प्रोक्सी फाराम यस कम्पनीको वेभसाइटबाट पनि Download गर्न सकिनेछ ।

४. एकै शेयरधनीले एक भन्दा वढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको नियुक्ति सबै भन्दा पहिले प्राप्त भएको हो माथि (३) मा लेखिए बमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ तर सभामा सम्बन्धित शेयरधनी आफै उपस्थित हुन आएमा शेयरधनीले दिएको प्रोक्सी स्वतः खारेज हुनेछ ।

५. नाबालक शेयरधनीको तर्फबाट संरक्षकले (शेयरधनीको दर्ता किताबमा उल्लेख भएको) सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछ ।

६. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा हाजिरी गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान १० बजे देखि खुला रहनेछ ।

७. प्रतिनिधी नियुक्त गर्नु भएको शेयरधनीहरुको निवेदनमा भएको दस्तखत कम्पनीको शेयरको अभिलेखमा रहेको दस्तखतसँग मिल्नु पर्नेछ ।

८. कुनै शेयरधनी महानुभावले साधारण सभामा आफ्नो मन्तव्य राख्न चाहेमा सभा हुनु भन्दा अगावै आफ्नो नाम कम्पनी सचिवलाई टिपाउनु पर्नेछ ।

९. अन्य कुनै जानकारी आवश्यक भएमा कम्पनीको केन्द्रीय कार्यालय, टंगाल, काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

१०. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।